नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.नं. २८/०८३

## बाढी प्रभावित नागरिकको उद्धार, राहत तथा मानवअधिकार संरक्षणका लागि अपिल

२०८३/०५/१० गते बिहान रसुवा, नुवाकोट र धादिङ हुँदै बग्ने भोटेकोशी-त्रिशूली नदी क्षेत्रमा अकस्मात आएको बाढीका कारण व्यापक धनजनको क्षति हुनुका साथै ठूलो संख्यामा नागरिक घाइते, बेपत्ता, अलपत्र तथा मृत्यु भएको घटनाप्रति नेपाल मानव अधिकार संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस आपतकालीन अवस्थामा संगठनले २०८३/०५/१२ र १३ गते प्रभावित क्षेत्रमा गरेको मानवअधिकार अनुगमन, स्थलगत अवलोकन तथा प्रभावित नागरिकसँगको प्रत्यक्ष भेटघाटबाट उद्धार, राहत, सूचना तथा नागरिक संरक्षणमा निम्न समस्या देखिएका छन् :

### अनुगमनबाट देखिएका प्रमुख समस्या

१. नदीका दुवै तर्फ बाढीको प्रभाव समान रहे पनि त्रिशूली नदी पारिका कतिपय प्रभावित नागरिकसम्म राज्यको आपतकालीन उद्धार तथा राहत प्रभावकारी रूपमा पुग्न नसकेको गुनासो प्राप्त भएको ।

२. राहत सामग्री एकद्वार प्रणालीबाट मात्र वितरण गर्ने नीतिका कारण स्थानीय सरकार तथा गैरनाफामुखी संघसंस्थासँग पर्याप्त समन्वय हुन नसकी राहत प्रभावकारी हुन नसकेको देखिएको छ । अतिप्रभावित क्षेत्रमा पुग्नुपर्ने राहत तथा अनुगमन टोलीहरू पुगेको देखिएन ।

३. प्रभावित नागरिकसम्म तत्काल पुग्नुपर्ने राहत सामग्री काठमाडौं विमानस्थल तथा मैथली ब्यारेकमा थुप्रिएको तर प्रभावित नागरिकसम्म समयमा पुग्न नसकेका कारण बाढीको तेस्रो दिनसम्म पनि नगरिकहरु भोकै, नाङ्गो र खुला आकाशमुनि बस्नु परेको अवस्था देखिएको ।

४. कतिपय स्थानमा सरकार संकलित राहत वितरणमा सरकारसमर्थित एन.जी.ओ र राजनीतिक दलका कार्यकर्ताले दलको पहिचान झल्किने पोशाक/जर्सी प्रयोग गरी राहत वितरण गर्दा राज्यको राहतलाई दलगत तथा एक संस्थाको कार्यक्रमका रूपमा प्रस्तुत गरिएको प्रष्ट झल्किएको छ । साथै, कतिपय सामाजिक सञ्जाल तथा स्थानमा सरकार समर्थित दलका कार्यकर्ताहरुद्वारा पीडित नागरिकको आत्मसम्मानमा चोट पुग्ने व्यवहार बोलि गरेको गुनासो समेत प्राप्त भएको ।

५. बाढीबाट अतिप्रभावित रसुवाको टिमुरे, स्याफ्रुबेंसी आसपासका क्षेत्रमा केही निजी हेलिकप्टरले आकाशमा चक्कर लगाए पनि वास्तविक संकटमा रहेका नागरिकको उद्धार नगरेको तथा पहुँचका आधारमा मात्र उद्धार हुने गरेको भन्ने गुनासो व्यापक रूपमा प्राप्त भएको । विद्युत आयोजनाको सुरुङ्गमा फसिरहेका व्यक्तिहरुको उद्धारका लागि चासो नराखेको र उद्धारका लागि तत्काल स्थलगत प्रयास नगरेको

देखिएको ।

६. अतिप्रभावित तथा त्रिशूली नदी पारिका तथा उत्तरी क्षेत्र र रसुवा क्षेत्रमा सञ्चार तथा विद्युत् सेवा पूर्ण रूपमा अवरुद्ध हुँदा उद्धार, राहत, समन्वय तथा नागरिकको दैनिक जीवन प्रभावित भएको ।

७. प्रभावित क्षेत्रमा मानिस तथा पशुका मृत शरीर यत्रतत्र रहेको र समयमै उचित व्यवस्थापन हुन नसकेको अवस्थाले महामारी तथा जनस्वास्थ्य जोखिम बढाएको ।

८. संघीय सरकारले राहत वितरण र पीडित पहिचानमा समेत नागरिक प्रशासन, स्थानीय सरकार तथा नागरिक संघसंस्थाभन्दा सुरक्षा निकायमा बढी निर्भर हुँदा राहत तथा उद्धार कार्य प्रभावकारी हुन नसकेको भन्ने जनगुनासो प्राप्त भएको ।

## संगठनको अपिल तथा माग

उपरोक्त अवस्थालाई मध्यनजर गर्दै नेपाल मानव अधिकार संगठन नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय, नागरिक समाज, गैरनाफामुखी संघसंस्था तथा सम्पूर्ण सरोकारवालाहरूमा :

१. उद्धार तथा राहतलाई सहज सडक सम्पर्क तथा ब्यारेक वरिपरि मात्र सीमित नराखी त्रिशूली नदी पारिका तथा रसुवाका दुर्गम अतिप्रभावित क्षेत्रसम्म तत्काल विस्तार गर्न र सेन्टरहरु खडा गर्न ।

२. राहत सामग्रीलाई स्थानीय सरकार तथा संघसंस्थासँग समन्वय गरी वास्तविक पीडितसम्म तत्काल पुऱ्याउन ।

३. राहत वितरणलाई अदृश्य संस्थागत तथा राजनीतिक प्रचारको उद्देश्यले दलगत पोशाक तथा राजनीतिक नेताहरुको अनावश्यक प्रभाव रोक्दै पीडित नागरिकको मानवअधिकार, मर्यादा र आत्मसम्मानको सम्मान गर्न ।

४. हेलिकप्टर लगायत सम्पूर्ण उद्धारका साधनलाई आवश्यकता र जोखिमका आधारमा पारदर्शी रूपमा परिचालन गरी पहुँचका आधारमा उद्धार हुने गरेको गुनासोको छानबिन गर्न । सुरुङ्गहरुमा विज्ञ व्यवस्था गरी उद्धार तत्काल सुरु गर्न ।

५. सञ्चार तथा विद्युत् सेवाबाट वञ्चित क्षेत्रमा वैकल्पिक सञ्चार तथा ऊर्जाको तत्काल व्यवस्था गर्न ।

६. मानव तथा पशुका मृत शरीरको तत्काल सुरक्षित र वैज्ञानिक व्यवस्थापन गर्न ।

७. संघीय, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय, नागरिक समाज तथा गैरनाफामुखी संघसंस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गरी एकीकृत रूपमा उद्धार तथा राहत सञ्चालन गर्न ।

HURON
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

केन्द्रीय कार्यालय– अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

८. विपद्को समयमा उद्धार तथा राहतलाई व्यक्तिगत वा राजनीतिक प्रचारको माध्यम नबनाउन तथा झुटा, अफवाहपूर्ण र अपुष्ट सूचना प्रचार-प्रसार नगर्न र नगराउन सम्बन्धित सबैमा आग्रह गर्दछ ।

विपद्को यस कठिन घडीमा प्रत्येक नागरिकको जीवन, सुरक्षा, सम्मान र मानवअधिकारको संरक्षण राज्यको पहिलो दायित्व हो। अतः प्रभावित नागरिकको पीडा तत्काल सम्बोधन गर्दै प्रभावकारी उद्धार, राहत, स्वास्थ्य, सञ्चार तथा पुनःस्थापनाको व्यवस्था गर्न नेपाल सरकार लगायत सम्पूर्ण सरोकारवालाहरूमा नेपाल मानव अधिकार संगठन हार्दिक अपिल गर्दछ ।

मिति : २०८३/०५/१३

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON केन्द्रीय कार्यालय, काठमाडौं Central Office, Kathmandu

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार संगठन